# श्री मिड्वाइफ्री सोसाइटी अफ नेपालको विधान २०६६

(प्रथम संसोधन २०६७)

ठेगानाः
का.म.न.वडा नं. ११, काठमाण्डौ, फोन नं. ४१०११५६

# श्री मिड्वाइफ्री सोसाइटी अफ नेपालको विधान २०६६

## प्रस्तावना

मिड्वाइफ्री सेवालाई प्रभावकारी, सर्वसुलभ एंव अन्तर्राष्ट्रिय मापदण्ड अनुसार गुणस्तरीय तथा प्रभावकारी बनाउन सो क्षेत्रमा संलग्न मिड्वाइफहरुलाई संगठित गरी निष्पक्ष, सदाचार, स्वतन्त्र र सक्षमतापूर्वक सैद्वान्तिक तथा व्यवहारिक पेशागत दक्षता र क्षमता अभिवृद्धि गर्नुको साथै उनीहरुको हकहितको संरक्षण र संवर्द्धन गर्दै अनुसन्धानमा आधारित निश्कर्षहरुलाई अवलम्वन गरी नेपाल सरकारको प्रजनन् स्वास्थ्य तथा सुरक्षित मातृत्व कार्यक्रमा विशेष पुऱ्याई[1] महिला, शिशु तथा परिवारको स्वास्थ्य प्रवर्द्वन गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका सरकारी, गैरसरकारी संघसंस्था तथा व्यक्तिहरुसँग आवश्यक समन्वय गरी उक्त सेवाहरुको पहुँच, उपलब्धता र उपयोगमा अभिवृद्विको साथै महिलाको प्रजनन् स्वास्थ्य सम्बन्धी हक अधिकारलाई सुनिश्चत गर्दै मातृ तथा शिशु मृत्युदर घटाउन र महिलाहरुको जीवनस्तरमा गुणात्मक सुधार ल्याउन योगदान गर्ने हेतुले "**मिड्वाइफ्री सोसाइटी अफ नेपाल**" (Midwifery Society of Nepal ) नामको गैर राजनैतिक, स्वशासित, स्वतन्त्र तथा सेवामूलक जनहितकारी सामाजिक संस्था स्थापना गरी संचालन गर्न वान्छनीय भएकाले नेपाल राज्यको अन्तरिम संविधान, २०६३ को मुलमर्ममा नीहित रही संस्था दर्ता ऐन २०३४ बमोजिम यो विधान सदस्यहरुको प्रथम प्रारम्भिक भेलाको निर्णय बमोनिम तर्जुमा गरी दोश्रो प्रारम्भिक भेलाले सर्वसम्मतबाट पारीत गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भ

**१. संस्थाको नामः** यस संस्थाको नाम "मिड्वाइफ्री सोसाइटी अफ नेपाल" हुनेछ । अंग्रेजीमा (Midwifery Society of Nepal) रहनेछ । छोटकरीमा यसलाई "मिड्सोन" (MIDSON) भनिनेछ ।

(क) **संस्थाको कार्यालय रहने ठेगानाः** यस संस्थाको मुख्य कार्यालय काठमाण्डौ जिल्ला, काठमाडौं म. न. पा. वडा नं. ११[2] मा रहनेछ । शाखा कार्यालयहरु आवश्यकतानुसार नेपाल राज्यभित्र स्थानीय अधिकारीको स्वीकृती लिई कार्यसमितिले तोकेको स्थानमा खोल्न सक्नेछ ।

(ख) **संस्थाको कार्यक्षेत्रः** यस संस्थाको कार्यक्षेत्र नेपाल राज्यभरि रहनेछ ।

(ग) **प्रारम्भः** यो विधान दर्ता भएको मितिदेखि लागू हुनेछ ।

(घ) **संस्थाको अस्तित्वः** यो संस्था एक अविच्छिन्न उत्तराधिकारवाला संगठित स्वशासीत गैर नाफामुलक, गैर राजनितिक तथा गैरसरकारी संस्था हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यस विधानमाः

(क) "विधान" भन्नाले "मिड्वाइफ्री सोसाइटी अफ नेपालको विधान २०६६" लाई जनाउनेछ ।

(ख) "नियम" "विनियम" भन्नाले संस्थाको विधान अन्तर्गत बनेको नियम विनियमलाई जनाउने छ ।

(ग) "संस्था" भन्नाले मिड्सोनलाई सम्झनु पर्दछ ।

(घ) "कार्य समिति" भन्नाले संस्थाको विधान अनुसार गठन भएको कार्य समितिलाई सम्झनुपर्दछ ।

(ङ) "सदस्य" भन्नाले यस विधान अनुसार सदस्यता प्राप्त गरेको व्यक्तिलाई सम्झनु पर्दछ ।

(च) "कार्य समितिका सदस्य" भन्नाले साधारण सभा वा सदस्यहरुद्वारा निर्वाचित कार्य समितिका सदस्यहरु सम्झनु पर्दछ ।

(छ) "उपसमिति" भन्नाले संस्थाद्वारा यस विधान बमोजिम कुनै निश्चित कार्य सम्पादन गर्नका

---

[1]प्रथम संसोधन, २०६७
[2]प्रथम संसोधन, २०६७

लागि अवधि तोकी वा नतोकी[3] गठन गरिएको उपसमिति समेतलाई सम्झनु पर्दछ ।

(ज) "पदाधिकारी" भन्नाले संस्थाको विधान बमोजिम गठित समितिका सदस्यसहितको अन्य पदाधिकारीलाई बुझाउने छ ।

(झ) "साधारण सभा" भन्नाले संस्थाको वार्षिक तथा विशेष साधारण सभालाई समेत सम्झनु पर्दछ ।

(ञ) "सम्मेलन" भन्नाले विधान बमोजिम आयोजना गरिने संस्थाको सम्मेलनलाई सम्झनु पर्दछ ।

(ट) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस विधान अन्तर्गत बनेको नियमविनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

(ठ) "आर्थिक वर्ष" भन्नाले प्रत्येक वर्षको श्रावण १ गतेदेखि अषाढ मसान्तसम्मलाई सम्झनुपर्दछ ।

(ड) "मिड्वाइफ्री" भन्नाले गर्भवती महिलालाई गर्भावस्थामा गर्भवती सेवा, प्रसवको समयमा प्रसुति सेवा र सुत्केरी अवस्थामा सुत्केरी सेवाको साथै नवशिशुलाई स्याहार प्रदान गर्ने स्वास्थ्य सेवा र व्यवसाय सम्झनु पर्दछ ।

(ढ) "मिड्वाइफ" भन्नाले मान्यता प्राप्त शिक्षण संस्थाबाट मिड्वाइफ्री विषयमा निर्धारित शैक्षिक उपाधि हासिल गरी आफ्नो देशभित्र कानुनी रुपमा मिड्वाइफ्री व्यवसाय गर्न पाउने अधिकार प्राप्त व्यक्ति भन्ने सम्झनु पर्दछ । वा मिड्वाइफ भन्नाले मिड्वाइफ्रीको परिभाषाभित्र परेको क्षेत्र अन्तर्गत कार्य गर्ने वा सेवा पुऱ्याउने मिड्वाइफ्री सेवा र व्यवसायमा आवद्घ स्वास्थ्यकर्मीहरुलाई सम्झनु पर्दछ ।

(ण) स्थानीय अधिकारी भन्नाले प्रमुख जिल्ला अधिकारीलाई जनाउने छ ।

(त) "समिति" भन्नाले संस्थाको विद्यान बमोजिम गठित समितिलाई बुझाउने छ ।[4]

**३. संस्थाको छाप र चिन्हः** संस्थाको सबै कामकाजको लागि अर्ध गालाकार दुईवटा हत्केलाभित्र गर्भवती महिलाको चित्र र दुवै हत्केला मुनी बीचमा अंग्रेजीमा 2010[5] लेखी त्यसको माथिबाट अर्धगोलाकार रेखाभित्र अंग्रेजी लिपीमा Midwifery Society of Nepal 2010 अंकित संस्थाको आफ्नै छुट्टै छाप हुनेछ ।

## परिच्छेद-२
## उद्धेश्य

**४. संस्थाको लक्ष्य र उद्धेश्यः** प्रचलित कानुनको दायरामा रही नेपाल सरकार र अन्तर्गतका निकायहरुबाट लागू गरिएका मार्गदर्शन र परिपत्रहरु समेतलाई पालना गर्ने गरी यस संस्थाको लक्ष्य र उदेश्यहरु देहाय बमोजिम हुनेछ ।

यो संस्था मुनाफारहित सेवामूलक जनहितकारी संस्था हुनेछ ।

**लक्ष्यः** मिड्वाइफ्री सेवालाई सुदृढ र स्तरीकरण गरी प्रजनन स्वास्थ्य तथा महिला अधिकारलाई सुनिश्चित गर्नको साथै मातृ तथा बाल स्वास्थ्यमा गुणात्मक सुधार ल्याउन योगदान पुऱ्याउने ।

**उद्धेश्यः**

(क) देशभरका सम्पूर्ण मिड्वाइफहरुको पेशागत हकहितको संरक्षण, सम्वर्द्धन र विकास गर्दै महिला, शिशु र परिवारको स्वास्थ्य प्रवर्द्धन गर्ने ।

(ख) मिड्वाइफ्री व्यवसाय तथा सेवालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा मर्यादित, स्तरीय र सुदृढ गर्न प्रयत्तशील रहने ।

---

[3]प्रथम संसोधन, २०६७
[4]प्रथम संसोधन, २०६७
[5]प्रथम संसोधन, २०६७

(ग) गुणस्तरीय प्रजनन स्वास्थ्य सेवाको प्रभावकारी ढगंले सर्वसुलभ पहुँच, उपयोग र उपलब्धताको सुनिश्चित गर्न आवश्यक पर्ने विभिन्न कार्यहरु गर्ने ।

(घ) मातृ तथा बाल स्वास्थ्यमा सुधार ल्याउन आवश्यकता अनुसार राष्ट्रिय तथा क्षेत्रिय स्तरमा शिक्षामुलक, जनचेतनामुलक, सेवामुलक कार्यक्रम, तालिम, गोष्ठी, सेमिनार, मिड्‌वाइफ्री शैक्षिक कार्यक्रम संचालन गर्नुका साथै प्रजनन् स्वास्थ्य तथा प्रसूति केन्द्र संचालन गर्ने ।[6]

**५. संस्थाको उद्धेश्य प्राप्त गर्न गरिने कामहरुः** यस संस्थाको उपरोक्त उद्धेश्य प्राप्त गर्न देहायका कामहरु गर्नेछः

(क) संस्थाको प्रचलित नेपाल कानुन बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गरी मात्र उपरोक्त उद्धेश्य कार्यान्वयन गर्नेछ ।

(ख) मिड्‌वाइफ्री व्यवसाय तथा सेवालाई मर्यादित, प्रभावकारी, दक्ष, जनमुखी, गतिशिल र सुदृढीकरण गर्न कार्यरत रहने ।

(ग) मिड्‌वाइफ्री सेवामा संलग्न मिड्‌वाइफहरुलाई संस्थामा आवद्ध गरी क्षेत्रिय तथा जिल्ला स्तरमा सगंठन विस्तार गरी उनीहरुको पेशागत दक्षता र क्षमताको विकास गर्ने ।

(घ) मिड्‌वाइफ्री व्यवसाय स्वतन्त्र रुपमा अभ्यास (प्राक्टीस) गर्न पाउनको लागि कानुनी व्यवस्था प्रवर्द्धन गर्न पहल गर्ने ।

(ङ) मिड्‌वाइफहरुलाई अनुशासित, लगनशील, जवाफदेही एवं आफ्नो व्यवसायप्रति कर्तव्यनिष्ठ रहन सचेत गराउने ।

(च) पेशागत हकहितको संरक्षण, सम्वर्द्धन र विकास गर्न देखा परेका वा देखा पर्न सक्ने समस्याहरुको अध्ययन गरी सोको समाधान गर्न आवश्यक पहल गर्ने ।

(छ) मिड्‌वाइफ्री व्यवसाय लगायत अन्य पेशागत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंगठनहरुसंग समन्वय स्थापना गरी वैचारिक आदानप्रदान गर्ने ।

(ज) अन्तर्राष्ट्रिय स्तरमा मान्य हुने किसिमको देशमा मिड्‌वाइफ्री सम्बन्धी आधारभुत, सेवाकालीन तथा पुनर्ताजगी तालिमहरु संचालन गर्न र सोही अनुरुप मिड्‌वाइफ्री अभ्यासको निम्ति नीतिनियम तय गर्न योगदान गर्ने ।

(झ) मातृ तथा बाल स्वास्थ्यमा सुधार ल्याउन आवश्यकता अनुसार शिक्षामूलक, जनचेतजामूलक, सेवामूलक कार्यक्रम, तालिम, गोष्ठि, सेमिनार र प्रजनन स्वास्थ्य तथा प्रसुति केन्द्र संचालन गर्ने, गराउने ।

(ञ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा समसामयिक मिड्‌वाइफ्री, यौन तथा प्रजनन स्वास्थ्य विषयहरुमा वादविवाद, अध्ययन-अनुसन्धान र छलफलमा योगदान पुर्‍याउने ।

(ट) मिड्‌वाइफद्वारा संचालित प्रजनन स्वास्थ्य वा प्रसुति केन्द्रको बारेमा सत्य तथ्य स्तरीय सूचना प्रदान गरी जनचेतना जगाई सुरक्षित प्रसुति तथा गुणस्तरीय प्रजनन स्वास्थ्य सेवाको पँहुच, उपयोग र उपलब्धताको सुनिश्चित गर्ने, गराउने ।

(ठ) कार्यक्रम तथा योजनाको प्रभावकारीता बारे अनुगमन र मूल्याकंन गरी नीति तथा योजना निर्माण गर्ने निकायमा पृष्ठपोषण प्रदान गर्ने ।

(ड) मातृ तथा शिशु मृत्युदर घटाउन र ग्रामिण महिलाहरुलाई सशक्त बनाई उनीहरुको जीवनस्तर सुधार ल्याउन र सर्वसुलभ तवरले मिड्‌वाइफद्वारा सुरक्षित मातृत्व सेवा र त्यसको महत्व बारे नीति निर्माणकर्ता र निर्णयकर्तामा प्रभाव पार्न प्रयत्नशील रही कार्यक्रम सञ्चालन गर्ने ।

(ढ) यौन तथा प्रजनन स्वास्थ्य, महिला स्वास्थ्य, हकअधिकार र महिलाको जीवनस्तर सुधार गर्ने कार्यमा संलग्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरुसगं सम्बन्ध र सञ्जाल स्थापना गरी मिड्‌वाइफ्री सेवा र व्यवसायको प्रवर्द्धन र संरक्षण गर्न नीति निर्माण, योजना तर्जुमा, कार्यान्वयन तथा मूल्याङकन कार्यमा समसामयिक र प्राविधिक राय सल्लाह, सुझाव र सहयोग गर्ने तथा कार्यक्रम गर्ने, गराउने ।

---

[6]प्रथम संसोधन, २०६७

(ण) स्वदेश तथा विदेशमा मिड्वाइफ्री विषयमा अध्ययनरत विध्यार्थीलाई प्रयोगात्मक अभ्यास, इन्टरनशिप तथा विश्वविध्यालय/शिक्षण संस्था आदानप्रदान (एक्सचेन्ज) कार्यक्रम संचालन गर्ने, गराउने ।

(त) मिड्वाइफ्री विषयमा अध्ययनरत गरीब तथा जेहेन्दार विद्यार्थीहरुलाई आवश्यकतानुसार छात्रवृत्तिको व्यवस्था गर्न प्रयत्नशील रहने ।

(थ) आवश्यकतानुसार यस संस्थाको सदस्यहरुको लागि कल्याणकारी कार्यहरु गर्ने ।

(द) संस्थालाई आवश्यक पर्ने भवन निर्माण गर्ने वा भाँडामा वा लिजमा लिनुको साथै अन्य भौतिक सरसामान तथा सवारी साधान खरीद गर्ने वा भाडामा लिई प्रयोग गर्नेछ ।

(ध) संस्थालाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवामा शर्तहरु निर्धारण गर्नेछ ।

(न) संस्थामा प्राप्त रकम बैंकमा जम्मा गरी बैंक खाता संचालन गर्नेछ ।

(प) अन्य आवश्यक कुराहरु,

१. संस्थालाई आकस्मिक क्षतिबाट बचाउन संस्थाको भवन लगायत सबै प्रकारका सम्पत्तिहरु विमा गराउन सक्नेछ ।

२. संस्थाको लागि प्राप्त हुन सक्ने सबै प्रकारका सुविधा, सहुलियत प्राप्त गर्न नेपाल सरकारको कार्यालयहरुसँग अनुरोध गर्नेछ ।

३. संस्थाको तर्फवाट वा विरुद्धमा परेका मुद्दा मामिलाको पुर्पक्ष गर्ने, प्रतिरक्षा गर्ने, लिखित जवाफ पेश गर्ने, यस सम्वन्धमा आवश्यका कानुनी सेवा प्राप्त गरी आफ्नो हक अधिकार र सहुलियत सुविधा सुरक्षित राख्नेछ ।

४. संस्थाको आफ्नो लक्ष्य र उद्धेश्य प्राप्त गर्नको लागि सर्वसाधारणलाई बढी जानकारी गराउन विभिन्न संचारका साधन तथा पत्र-पत्रिकाबाट विज्ञापन सूचना प्रकाशन तथा प्रशारण गराउनेछ ।

६. संस्थाको उद्धेश्य प्राप्तीका कुनै क्रियाकलाप नेपाल तथा कुनै विदेशी राष्ट्र, अन्तर्राष्ट्रिय संघसंगठनको सम्बन्धमा प्रतिकुल असर पार्ने वा नेपाल परराष्ट्र, नीतिको बर्खिलाप हुन जाने वा नेपाल अखण्डता, सार्वभौमसत्ता, स्वतन्त्रता तथा शान्ति सुरक्षामा खलल पुग्ने कुनै काम कुरा नगर्ने गरी अन्य आवश्यक काम कारबाही र व्यवस्थापन गर्नेछ ।

## परिच्छेद-३

## सदस्यता

७. **सदस्यताको वर्गीकरणः** यस संस्थामा देहाय बमोजिमका सदस्यहरु रहने छन् ।

(क) साधारण सदस्यः यस विधानको दफा ८ बमोजिम योग्यता पुगेको स्वदेशी नागरिकले विधानमा उल्लेख भए बमोजिम विधिपूर्वकको निवेदनसहित तोकेको शुल्क बुझाउने मिड्वाइफ वा नर्सलाई साधारणतया एक वर्षको लागि संस्थाले साधारण सदस्यता प्रदान गर्न सक्नेछ ।

(ख) संस्थापक सदस्यः यस संस्था दर्ता हुदाँको बखतका तदर्थ समितिका पदाधिकारीहरु संस्थापक सदस्य रहनेछन् ।

(ग) आजीवन सदस्यताः विधानमा तोकिएको योग्यता पुगेको व्यक्तिलाई कार्य समितिले निर्णय गरी आजीवन सदस्यता प्रदान गर्न सक्नेछ ।

(घ) मानार्थ सदस्यः मिडवाइफ्री पेशालाई सम्मानित बनाउन प्राविधिक, आर्थिक तथा भौतिक रुपले रचनात्मक तथा विशिष्ट योगदान पुऱ्याउने वा वैज्ञानिक विद्धता प्रदर्शन गर्ने स्वदेशी वा विदेशी व्यक्ति वा संस्थालाई कार्य समितिको सिफारीस अनुसार मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ । मानार्थ सदस्यले मताधिकारको प्रयोग गर्न र कुनै पनि पदको उम्मेदवार बन्न पाउने छैन ।

(ङ) सह-सदस्यः यस विधानको दफा ८ बमोजिम साधारण सदस्यता बन्न आवश्यक न्युनतम योग्यता तथा कार्यानुभव नपुगेका तर सरकारी, गैरसरकारी, विश्वविद्यालय/शिक्षण संस्था एवं निजी क्षेत्रमा महिला स्वास्थ्य तथा हक अधिकार, यौन तथा प्रजनन् स्वास्थ्य क्षेत्रमा कार्यरत व्यक्तिलाई संस्थाले

सह-सदस्यता प्रदान गर्न सक्नेछ । यस्ता सदस्यले मताधिकारको प्रयोग गर्न र कुनै पनि पदको उम्मेदवार बन्न अधिकार पाउने छैन ।

(च) अतिथि सदस्य: यस विधानको दफा ८ बमोजिम योग्यता पुगेको विदेशी मिड्वाइफले विधानमा उल्लेख भए बमोजिम विधिपूर्वकको निवेदनका साथ तोकेको शुल्क बुझाई साधारणतया एक बर्षका लागि अतिथि सदस्यता प्राप्त गर्न सक्नेछ । यस्ता सदस्यले मताधिकारको प्रयोग गर्न र कुनै पनि पदको उम्मेदवार बन्न अधिकार पाउने छैन ।

**८. सदस्य प्राप्तीको लागि आवश्यक योग्यता:**

यस संस्थाको सदस्यता प्राप्त गर्न आवश्यक न्यूनतम योग्यता तथा कार्यनुभव निम्नानुसार रहनेछ ।

(क) नेपाल नर्सिङ्ग परिषदमा नाम दर्ता गरी नर्सिङ्ग वा मिड्वाइफ्री व्यवसाय गर्न अनुमति प्राप्त स्वदेशी वा विदेशी व्यक्तिहरु ।

(ख) नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट निम्न उल्लेखित कुनै एक विषयमा शैक्षिक योग्यता हासिल गरेका वा कार्यानुभव भएका व्यक्ति ।

ख.१) शैक्षिक योग्यताको आधार: निम्न विषय उत्तिर्ण गरेका व्यक्तिहरु:

- महिला स्वास्थ्य तथा विकासमा स्नातकोत्तर नर्सिङ्ग (Master in Nursing in Womens's Health and Development)
- मातृ तथा बाल स्वास्थ्य नर्सिङ्ग वा प्रसूति वा मातृ स्वास्थ्य नर्सिङ्गमा एम.एस सी (MSC in Maternal and Child Health Nursing or Maternity Nursing or Maternal Health Nursing)
- स्नातक तह मिड्वाइफ्री (Bachelor in Midwifery or BSc. in Midwifery)
- प्रविणता प्रमाणपत्र तह मिड्वाइफ्री (PCL or Diploma in Midwifery)
- स्नातक तह नर्सिङ्ग अध्ययन गरी मातृ स्वास्थ्य वा प्रजनन स्वास्थ्यमा जनस्वास्थ्य स्नात्कोत्तर गरेका (Bachelor in Nursing with Master of Public Health in Maternal Health or Reproductive Health)

वा

ख.२) कार्यानुभवको आधार:

अ) नर्स तथा अ.न.मी. का लागि मात्र लागू हुने

- प्रजनन स्वास्थ्य क्षेत्रमा कार्यरत
- स्त्री तथा प्रसूति अस्पताल, बर्थिङ्ग सेन्टर वा युनिटमा कार्यरत
- प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, उपस्वास्थ्य चौकीमा कार्यरत
- समुदाय, जिल्ला (जन) स्वास्थ्य, क्षेत्रिय तालिम केन्द्र, क्षेत्रिय निर्देशनालय तथा स्वास्थ्य मन्त्रालयको अन्य निकायमा कार्यरत पब्लिक हेल्थ नर्स

वा

आ) स्नातक तह नर्सिङ्ग उत्तिर्ण गरी सरकारी, गैरसरकारी, विश्वविद्यालय/शिक्षण संस्था एवं निजी सघंसंस्थामा कम्तीमा पाँच बर्षदेखी निरन्तर रुपमा प्रजनन स्वास्थ्य क्षेत्रमा अध्यापन, अनुसन्धान, प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा पुनर्स्थापनात्मक सेवामा संलग्न वा कार्यरत व्यक्ति नर्स जो मिड्वाइफ्री व्यवसाय, शिक्षा र अभ्यासलाई सुदृढ गर्न कटिबद्ध छ ।

**९. संस्थाको सदस्य नियुक्त हुन वा वहाल रहन नसक्ने अवस्था:**

देहायका कुनै व्यक्ति संस्थाको सदस्य पदमा नियुक्त हुन सक्ने छैन ।

क) विधानको दफा ८ मा उल्लेखित योग्यता नपुगेका वा नरहेमा ।

ख) सदस्यता लिन योग्यता पुगेका व्यक्ति तर मगज बिग्रेका वा बौलाएको भनी प्रमाणित भएमा,

ग) दामासाहीमा परेको,

घ) कुनै प्रकारको चोरी, ठगी, किर्ते वा जालसाझी गरेको वा आफ्नो जिम्माको धनमाल अनधिकृत तवरले मासेको वा दुरुपयोग गरेको वा भ्रष्टाचार गरेको अभियोगमा कसुरदार ठहरी वा नैतिक पतन देखिने अन्य कसुरमा अदालतबाट सजाय पाएको तीन वर्ष पूरा नभएको,

ङ) सम्बन्धित संस्थाको व्यवसायमा निजी स्वार्थ भएमा,

च) सदस्यता शुल्क बुझाउन बाँकी भएमा ,

छ) संस्थाको विधानको पालना गर्न मञ्जुर नगर्ने व्यक्ति ।

ज) संस्थाको सेवा उपयोग गर्न नचाहने र संस्थाको जिम्मेवारी वहन गर्न अस्वीकार गर्ने व्यक्ति ।

झ) प्रचलित कानुनले अयोग्य ठहरिएको व्यक्ति ।

ञ) विधानको दफा १० मा उल्लेख भए बमोजिम सदस्यता बहाल नरहेमा ।

ट) संस्था विघटन भएमा ।

**१०. सदस्यताको समाप्तिः**

१) यो विधानमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि देहायको अवस्थामा कुनै व्यक्ति संस्थाको सदस्यता वहाल रहने छैनः

क) यस विधानको दफा ९ बमोजिम सदस्यमा नियुक्ती हुन वा वहाल रहन नसक्ने भएमा,

ख) साधारण सभाबाट ७५ प्रतिशत बहुमतले संस्थाको सदस्य पदबाट हटाउने प्रस्ताव पास गरेमा,

ग) सदस्यले आफ्नो पदबाट दिएको लिखित राजीनामा कार्य समितिबाट स्वीकृत भएमा,

घ) संस्थाको काम कारबाहीमा बेइमानी वा वदनियत गरेको कुरा अदालतबाट प्रमाणित भएमा,

ङ) यस विधान बमोजिम संस्थाले गर्न नहुने भनी तोकिएको कुनै कार्य गरेमा,

च) मृत्यु भएमा,

छ) कार्य समितिले निर्णय गरे बमोजिम सदस्यता नवीकरण नगराएमा,

ज) मानसिक सन्तुलन गुमाएको प्रमाणित भएमा,

झ) संस्था विघटन भई खारेज भएमा,

ञ) दफा ७ को उपदफा (ङ) र दफा ८ को उपदफा (ख) को (ख.२) को अ र आ बमोजिम सेवा वा कार्यमा संलग्न नरहेमा ।

ट) नेपाल नर्सिङ्ग परिषदमा निजको नाम दर्ता गर्न योग्य नभएको ठहरिएमा वा दर्ता खारेज गरेमा (साधारण, आजीवन तथा अतिथि सदस्यहरुको लागि मात्र) ।

२) कार्य समितिले विस्तृत छानवीन पछि कुनै सदस्यले निम्न काम कारवाही गरेमा पाइएमा त्यस्तो सदस्यलाई कार्य समितिको बहुमतको निर्णयले निष्काशन गर्न सक्नेछ ।

क) संस्था संचालन र प्रगतिमा हानी हुने कुनै किसिमको कार्य गरेमा वा संस्थाको रकम हिनामिना गरेमा ।

ख) संस्थाको सिद्धान्त वा नियमविनियम वा प्रतिष्ठानमा आँच आउने साथै पदीय हैसियत विपरित कार्य गरेमा ।[7]

३) दफा (१) बमोजीम कुनै सदस्यलाई संस्थाको सदस्यबाट निष्काशन गर्नु वा बहाल रहन अयोग्य ठहराउनु अघि सम्बन्धित सदस्यलाई आफुलाई लागेको आरोप सम्बन्धमा स्पष्टीकरण दिने र आरोपको खण्डन गर्ने, आवश्यक कागजात आदि प्रस्तुत गर्न तीन[8] दिनको म्याद दिइनेछ । छानविनको क्रममा समितिको बहुमतको निर्णयले सम्बन्धित सदस्यलाई निलम्बन गरी संस्थाबाट कुनै खास सेवा वा सुविधा उपलब्ध गर्न नपाउने गरी बढीमा एक वर्षसम्म बन्देज लगाउन सक्नेछ ।

[7]प्रथम संसोधन, २०६७
[8]प्रथम संसोधन, २०६७

४) उपदफा २ र ३ अनुसारको निर्णयमा चित्त नबुझ्ने सदस्यले साधारण सभामा पुनरावेदन गर्न सक्नेछ र साधारण सभाको बहुमतले गरेको निर्णय अन्तिम निर्णय हुनेछ ।

**११. सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधिः** लिङ्ग, वर्ण, धर्म, राजनैतिक विचारधारा र जातिगत आधारमा विना भेदभाव यस विधानको दफा ७ बमोजिम तोकिएको सदस्यता लिन योग्य व्यक्ति वा संस्थालाई देहाय बमोजिमको उपदफामा तोकिएको शुल्क र प्रक्रिया पुऱ्याई आवेदन पेश गरेमा संस्थाको सदस्यता प्राप्त गर्न सक्नेछन ।

१. साधारण तथा सह-सदस्यः

क) संस्थाको साधारण सदस्य प्राप्त गर्न विधान अनुसार सदस्यताको लागि योग्यता पुगेका र यस विधानलाई स्वीकार गर्ने व्यक्तिले नेपाली नागरीकताको प्रमाण-पत्रको प्रतिलिपि (साधारण तथा आजीवन तथा सह-सदस्यत लिन चाहने नेपाली नागरिकलाई मात्र) १ प्रति, शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपी १, १ प्रति र हालसालै खिचेको पासपोर्ट साइजको फोटो १ प्रति सहित व्यक्तिगत विवरण पूर्ण रुपले स्पष्ट हुने संस्थाको सदस्यता आवेदन फाराम भरेर साधारण वा सह-सदस्यताको लागि कार्य समितिलाई प्रवेश शुल्क रु ७५०/- र वार्षिक शुल्क रु ५००/- एकमुष्ठ बुझाउने साधारण वा सह-सदस्य लिन योग्यता पुगेका व्यक्तिलाई कार्य समितिको निर्णयअनुसार साधारणतया एक वर्षका लागि संस्थाले साधारण वा सह-सदस्यता प्रदान गर्न सक्नेछ । यी दुवै सदस्यताको लागि संस्थाका दुई जना सदस्यहरुले सिफारिस गरेको हुनु पर्नेछ ।

ख) साधारण तथा सह-सदस्यताको म्याद प्रत्येक वर्षको चैत्र मसान्तमा समाप्त हुनेछ ।

ग) साधारण तथा सह-सदस्यले सदस्यताको म्याद समाप्त भएको मितिदेखि ३५ दिनभित्रमा नविकरण वापत नविकरण शुल्क रु ५००/- तिरेर सदस्यता नविकरण गराउनु पर्नेछ ।

घ) उपदफा (ग) बमोजिम तोकेको दिनभित्रमा सदस्यता नविकरण नगराएमा मासिक रु ५०/- का दरले विलम्ब शुल्क लिई आगामी चैत्र मसान्तसम्ममा सदस्यता नविकरण गर्न सकिने छ ।

ङ) उपदफा (घ) बमोजिम सदस्यता नविकरण नगराएमा सदस्यता समाप्त भएको मानिनेछ र पुनः सदस्यता लिनु परेमा प्रवेश शुल्क सहित वार्षिक शुल्क बुझाई मुनासिब कारण उल्लेख गरी निवेदन दिएमा समितिले पुनः सदस्यता दिन सक्नेछ ।

२) आजीवन सदस्यः

क) आजीवन सदस्यता लिन आवश्यक योग्यता पुगेका[9] इच्छुक व्यक्तिले एकपुष्ट रु ५०००/- (अक्षरुपी पाँच हजार रुपैयाँ मात्र) सदस्यता शुल्क बुझाई विधानमा तोकिएको प्रक्रियानुसार आवेदन दिएमा कार्य समितिको निर्णयले आजीवन सदस्यता प्रदान गर्न सक्नेछ ।

ख) आजीवन सदस्यता प्राप्त गर्ने व्यक्तिले बार्षिक नविकरण गर्नु पर्दैन ।

३) मानार्थ सदस्यः दफा ७ को उपदफा (घ) बमोजिम योग्यता पुगेका स्वदेशी वा विदेशी व्यक्ति वा संस्थालाई कार्य समितिको निर्णयले मानार्थ सदस्य प्रदान गर्न सकिनेछ ।

४) अतिथि सदस्यः वार्षिक शुल्क रु ५०००/- बुझाउने विदेशी मिड्वाइफलाई कार्य समितिको निर्णयले यस संस्थाको अतिथि सदस्यता प्रदान गर्न सकिनेछ ।

५) संस्थापक सदस्यः संस्थापक सदस्यले आजीवन सदस्यता वापत एकपुष्ट रु ५०००/- (अक्षरुपी पाँच हजार रुपैयाँ मात्र) सदस्यता शुल्क बुझाउनु पर्नेछ ।[10]

---

[9]प्रथम संसोधन, २०६७

[10]प्रथम संसोधन, २०६७

# परिच्छेद-४
# साधारण सभा तथा बैठक सम्बन्धि व्यवस्था

**१२. साधारण सभाको गठनः**

यस विधानको दफा ११ (३) अनुसार सदस्यता प्राप्त गर्ने मानार्थ सदस्यहरु सभा आमन्त्रित सदस्यको रुपमा आमन्त्रित हुनु हुनेछ । साधारण सभा संस्थाको सर्वोच्च अंग हुनेछ । साधारण सभाको बहुमतले गरेको निर्णय अन्तिम हुनेछ ।

क) साधारण सभाको अध्यक्षता कार्य समितिको अध्यक्षले, अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले र निजको पनि अनुपस्थितिमा उपस्थित सदस्यहरुबाट छानिएका सदस्यले गर्नेछ ।

ख) कार्य समितिका सबै पदाधिकारीहरु साधारण सभाका पदेन सदस्य रहनेछन ।

ग) कार्य समितिका अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षले सोही अनुरुप साधारण सभाको पनि कार्यभार सम्हाल्नु हुनेछ ।

घ) यस संस्थाको साधारण सभा देहाय बमोजिम हुनेछः

१) बार्षिक साधारण सभा

२) विशेष साधारण सभा

१) वार्षिक साधारण सभा

क) यस संस्थाको प्रथम साधारण सभा संस्थापन भएको आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्रमा गरिनेछ । त्यस पछिका साधारण सभाहरु आर्थिक वर्ष समाप्त भएको मितिले ६ महिना भित्र गरिनेछ ।

ख) यस संस्थाको वार्षिक साधारण सभा गर्नको लागि कम्तीमा १५ दिन अगाबै सभा हुने स्थान, मिति र समय तथा छलफल हुने विषय समेत उल्लेख गरी सबै साधारण तथा आजीवन सदस्यहरुलाई सूचना दिइने छ ।

ग) उपदफा (ख) बमोजिम बोलाइएको साधारण सभा दफा १८ बमोजिमको गणपुरक संख्या नपुगी सभा हुन नसकेमा कम्तीमा ७ दिनको म्याद दिई पुनः साधारण सभा बोलाइनेछ । पुनः बोलाइएको बैठकमा कम्तीमा २५ प्रतिशत सदस्यहरु उपस्थित भएमा गणपुरक पुगेको मानिनेछ र सभा संचालन गर्न बाधा पर्ने छैन ।

२) विशेष साधारण सभाः

१) संस्थाको विशेष साधारणसभा देहायको अवस्थामा १५ दिनको सूचना दिई कार्य समितिले बोलाउन सक्नेछः

क) कार्य समितिले कुनै नीतिगत विषयमा तत्काल निर्णय गर्न विशेष साधारण सभा बोलाउनुपर्ने आवश्यक ठानी कार्य समितिको बहुमतले निर्णय गरेमा वा

ख) कुल मताधिकार प्राप्त सदस्य संख्याको ३५ प्रतिशत सदस्यहरुले प्रयाप्त कारण देखाई कार्य समितिसमक्ष लिखित निवेदन पेश गरेमा वा

ग) दफा १६ बमोजिम विशेष उद्धेश्यले गठन गरिएका समिति तथा उपसमितिहरुले यथेष्ट कारण समेत खोली कार्य समितिलाई लिखित सुझाव पेश गरेमा वा

२) उपदफा १ बमोजिम बोलाइएको सभा जे विषयको लागि बोलाइएको हो सोही विषयमा सीमित रहनेछ।

३) विशेष साधारण सभाको लागि गणपुरक संख्या कुल मताधिकार प्राप्त सदस्य संख्याको २५ प्रतिशत उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ । विशेष साधारण सभाको काम कारवाही गर्न पाउने छ ।

४) विशेष साधारण सभाको अध्यक्षता कार्य समितिको अध्यक्षले, अध्यक्षको अनुपस्थितिमा उपाध्यक्ष र निजको पनि अनुपस्थितिमा उपस्थित सदस्यहरुबाट छानिएका सदस्यले गर्नेछ ।

३) राष्ट्रिय सम्मेलनः हरेक तीन वर्षमा मिड्वाइफहरुको राष्ट्रिय सम्मेलन आयोजना गरिने छ ।[11]

**१३. साधारण सभाको काम, कर्तव्य र अधिकारः**

१) साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछनः

क) कार्य समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

ख) कार्य समितिले पेश गरेको वार्षिक कार्यक्रम उपर छलफल गरी स्वीकृती प्रदान गर्ने र प्रगति प्रतिवेदन, वार्षिक लेखा परीक्षण प्रतिवेदन, बजेट तथा आर्थिक विवरणहरुमा समिक्षा गर्ने तथा पारीत गर्ने ।

ग) कार्य समितिलाई नीति निर्माण एवं कार्यान्वयन गर्न निर्देशन दिने तथा मार्गदर्शन गर्ने ।

घ) कार्य समितिद्वारा तयार गरेका आर्थिक प्रशासन, कर्मचारी प्रशासन तथा अन्य नियमबिनियमको अनुमोदन गर्ने तथा संशोधन गर्ने ।

ङ) आवश्यकता अनुसार संस्थाको विधान संशोधनको प्रस्ताव उपर छलफल गरी निर्णय गर्ने ।

च) कार्य समितिको निर्णयबाट छनौट भएका मानार्थ सदस्यलाई सम्मानित गर्ने ।

छ) संस्थाको भावि नीति तथा कार्यक्रमहरु तर्जुमा गर्ने ।

ज) कार्य समितिले सदस्यताबाट निलम्बन गरेको निर्णय उपर पुनरावेदन सुन्ने ।

झ) सस्थाको सदस्य तथा समितिका सदस्य, पदाधिकारी उपर आचार संहिता लागू गर्न तथा सदस्यबाट निष्काशन गर्न सक्ने ।

ञ) कार्य समितिको पदाधिकारीहरुको निर्वाचन गर्ने, समिति वा उपसमितिको विघटन गर्ने ।

ट) साधारण सभाको अध्यक्षले पेश गर्ने अन्य कुनै प्रस्ताव उपर छलफल गरी निर्णय गर्ने ।

ठ) अध्यक्षको राजिनामा स्वीकृत गर्ने ।

ड) संस्थाको विघटन सम्बन्धि निर्णय गर्ने ।

ढ) वार्षिक लेखा परीक्षण गर्न लेखा परीक्षक नियुक्त गर्ने र लेखा परीक्षकको पारीश्रमिक तथा सुविधा निर्धारण गर्ने ।

ण) यस विधानमा कुनै खास अधिकार कुनै खास अगंलाई हुनेछ भनी ताकिएको अवस्थामा त्यस्तो सम्पूर्ण अधिकार (Residuary Power) साधारण सभालाई हुनेछ ।

२) साधारण सभाको निर्णयहरुको अभिलेख अध्यक्षद्वारा प्रमाणित गराई, सुरक्षित राख्नु पर्ने छ ।

३) संस्था विघटन गर्नुपर्ने भएमा नेपाल सरकारको ऐन, नियम बमोजिमको प्रक्रिया पुऱ्याई गरिने छ ।

## परिच्छेद-५
## कार्य समितिको गठन, पदाधिकारीको काम, कर्तव्य र अधिकार

**१४. कार्य समितिको गठनः**

क) कार्य समितिको नियुक्ति वार्षिक साधारण सभाबाट मात्र हुनेछ । संस्था दर्ता गर्नका लागि निम्न बमोजिम अध्यक्ष तथा सदस्य रहेको कार्य समिति रहनेछ । सो कार्य समितिले ६ महिनासम्मका लागि संस्थाको कार्य गर्नेछ ।

| | | |
|---|---|---|
| १. अध्यक्ष | २. उपाध्यक्ष | ३. सचिव |
| ४. सहसचिव | ५. कोषाध्यक्ष | ६. सहकोषाध्यक्ष |
| ७. सदस्य- पाँच जना | | |

ख) यस संस्थामा एघार जनाको कार्य समिति हुनेछ ।

[11]प्रथम संसोधन, २०६७

ग) कार्य समितिको सदस्यहरुको कार्यकाल तीन (३) वर्षको हुनेछ ।[12]

घ) साधारण सभा हुनुभन्दा अगावै कार्य समितिमा रहेको कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि कार्य समितिका सदस्यको नियुक्ति कार्य समितिद्वारा गर्न सकिनेछ । कुनै सदस्यको पद बीचमा रिक्त भएमा सो पदमा नियुक्त भएको सदस्यको कार्यकाल सो सदस्य जुन सदस्य पद रिक्त भई नियुक्त भएको हो, सो सदस्य बाँकी कार्यकालसम्मका लागि मात्र हुनेछ ।

ङ) कार्य समितिको बैठकमा आवश्यकतानुसार कार्य समितिको अध्यक्षले बोलाउनेछ । जम्मा सदस्य संख्याको २५ प्रतिशत सदस्यले माग गरेमा अध्यक्षले कार्य समितिको बैठक बोलाउनु पर्नेछ ।

च) कार्य समितिको बैठकमा सदस्य स्वयं उपस्थित हुनु पर्नेछ ।

छ) सदस्यहरुको जम्मा संख्याको कम्तीमा ५१ प्रतिशत सदस्यहरु उपस्थित नभई कार्य समितिको बैठक हुने छैन ।

ज) कार्य समितिको बैठकको अध्यक्षता समितिको अधयक्षले, अध्यक्षको अनुपस्थितीमा उपाध्यक्षले र निजको पनि अनुपस्थितमा सदस्यहरुले छानेको सदस्यले गर्नेछ ।

झ) कार्य समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

ञ) कार्य समितिको बैठकमा छलफल भएको विषय र तत्सम्वन्धमा भएको निर्णयको विवरण (माइन्युट) छुट्टै किताबमा लेखी राख्नु पर्नेछ र सो निर्णय विवरणमा बैठकमा उपस्थित सम्पूर्ण सदस्यहरुको कम्तीमा ५१ प्रतिशत सही गर्नु पर्ने छ ।

ट) माथिका उपदफाहरुमा जुनसुकै कुरा लेखिएको भएता पनि कार्य समितिले गर्न पाउने कुनै कामको सम्बन्धमा कार्य समितिका सबै सदस्यहरु लिखित रुपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णय पुस्तिकामा संलग्न गरी त्यस्तो काम बैठक बिना पनि गर्न सकिन्छ । उपरोक्त बमोजमको सहमतिलाई कार्य समितिलाई कार्य समितिका बैठकको निर्णय सरह मानिनेछ ।

ठ) कार्य समितिको नियमित बैठक कम्तीमा प्रत्येक दुई महिनाको एक पटक बस्नेछ ।

ड) नयाँ कार्य समितिको निर्वाचन नभएसम्म साविककै कार्य समितिले विधानमा व्यवस्था भए बमोजिम संस्थाको कार्य संचालन गर्नेछ ।

ढ) संस्थाले गर्ने भनिएको सम्पूर्ण कार्य, कार्य समितिको निर्णयबाट हुनेछ ।

**१५. पद त्याग गर्न सक्नेः**

क) अध्यक्षले उपाध्यक्ष मार्फत कार्य समिति समक्ष र उपाध्यक्ष तथा अन्य पदाधिकारी र सदस्यहरुले अध्यक्ष समक्ष मुनासिब कारण उल्लेख गरी राजिनामा दिई पद त्याग गर्न सक्ने छन् । पदत्याग गरेका व्यक्तिको राजिनामा स्वीकृती भएको मितिबाट जिम्मेवारी मुक्त हुनेछ ।

ख) कार्य समितिको बैठकमा लगातार तीन पटक मुनासिव माफिकको कारणविना कुनै सदस्य अनुपस्थित भएकोले निजलाई हटाउन उपयुक्त छ भनी कार्य समितिको दुई तिहाई बहुमतले निर्णय गरी निजलाई हटाउन सकिनेछ ।

**१६. अन्य समितिहरुः** यस विधानको परिधिभित्र रहेर संस्थाको कार्य संचालनको लागि कार्य समितिको आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ । यसरी गठन भएका उपसमितिहरुको काम तथा जिम्मेवारी कार्य समितिले तोकिदिए बमोजिम हुनेछ ।

**१७. कार्य समितिको काम, कर्तव्य र अधिकारः**

क) विधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक संस्थाको सम्पूर्ण कार्यकारीणी अधिकार कार्य समितिमा निहित रहनेछ ।

ख) साधारण सभाद्वारा पारित नीति, निर्देशन तथा निर्णयहरु कार्यान्वयन गर्ने, गराउने साथै साधारण सभा बोलाउने,

[12]विधान स्वीकृतिको क्रममा हटाइएको, २०६६

ग) संस्थाको भावी योजनाहरु तथा अन्य रचनात्मक कार्यक्रमहरुको तर्जुमा गर्ने ।
घ) कार्य योजना बजेट र प्रगति विवरण तयार पारी साधारण सभामा पेश गर्ने ।
ङ) संस्थाको चल अचल सम्पत्तिको संरक्षण, सम्भार तथा आवश्यकता अनुसार संस्थाको उद्धेश्य प्राप्तिको लागि उपभोग गर्ने ।
च) नियम विनियम बनाउने, कर्मचारी भर्ना गर्ने आदि दैनिक प्रशासन संचालन गर्न तथा अन्य कार्य सम्पन्न गर्न समितिले साधारण सदस्यहरु मध्येबाट संयोजक तथा सदस्य रहने गरी आवश्यकता अनुसार बढीमा ५ जना सदस्य रहेको उपसमिति गठन गरी आफूले पाएको अधिकार प्रत्यायोजन गर्न सक्नेछ । यस्तो उपसमितिको काम, कर्तव्य तथा अधिकार कार्य समितिले तोकिदिए बमोजिम हुनेछ ।[13]
छ) तोकिए बमोजिमको सदस्यता प्रदान गर्ने ।
ज) आवश्यकता अनुसार संस्थाको कार्यक्रमहरु विकास क्षेत्र र जिल्लाहरुमा संचालन गर्नका लागि विकास क्षेत्रमा क्षेत्रीय स्तरका कार्यालयहरु स्थापना गर्ने ।
झ) आवश्यकतानुसार संस्थाको कार्यालय वा कार्यक्रम संचालनार्थ कर्मचारीहरुको नियुक्ती तथा व्यवस्थापन गर्ने-गराउने । आवश्यकतानुसार कर्मचारीको दरवन्दी श्रृजना, नियुक्ति र कारबाही सम्बन्धी कर्मचारी नियमावली तथा अन्य खर्च गर्ने प्रक्रिया सम्बन्धी आर्थिक नियमावलीको तर्जुमा तथा कार्यान्वयन गर्ने ।
ञ)[14]
ट) मातहतका समितिमा निर्देशन, निर्णय तथा अन्य गतिविधिको बारे जानकारी दिने ।
ठ) अन्तर्राष्ट्रिय सम्मेलन, गोष्ठि, बैठक वा विभिन्न कार्यक्रमहरुमा प्रतिनिधी वा प्रतिनिधीमण्डल निर्धारित नीति बमोजिम पठाउने वा निम्त्याउने ।
ड) निर्वाचन नियमावली बनाउने ।
ढ) समितिको पदाधिकारीहरुले दिएको राजीनामा माथि कारवाही गर्ने ।
ण) जिल्ला तथा क्षेत्रिय स्तरमा समन्वय गर्नका लागि क्षेत्रिय वा जिल्ला सयोंजकको चयन गरी, सोही बमोजिम जिम्मेवारी तोकी सुपरीवेक्षण तथा अनुगमन गरी आवश्यक निर्देशन दिने र सहयोग गर्ने ।
त) संस्थाले गर्ने भनिएको सम्पूर्ण कार्य, कार्य समितिको निर्णयबाट हुनेछ ।
थ) संस्थाको हित हुने तथा उद्धेश्य प्राप्तिका लागि आवश्यक कामहरु गर्ने, गराउने ।

**१७.१ पदाधिकारीको काम, कर्तव्य र अधिकारः**

क) अध्यक्षको काम, कर्तव्य र अधिकार,

१) संस्थाको हित तथा कार्य संचालनमा सक्रिय रही प्रमुख उत्तरदायित्व वहन गर्ने र संस्थालाई आवश्यक नेतृत्व प्रदान गर्ने ।
२) साधारण सभा र कार्य समितिको बैठक बोलाउने व्यवस्था गर्ने, गराउने तथा बैठकको अध्यक्षता गर्ने र मत बराबर भएमा निर्णायक मत दिने ।
३) साधारण सभाले तोकिदिएका काम, कर्तव्य गर्नुका साथै प्रदान गरेको अधिकार प्रयोग गरी निर्णयहरु कार्यान्वयन गर्ने, गराउने ।
४) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका सरकारी तथा गैरसरकारी संघसंस्था, निकायमा संस्थाको प्रतिनिधित्व गर्ने, गराउने ।
५) संस्थाको कार्यक्रम तथा दैनिक कार्यमा आइपर्ने कुनै पनि आकस्मिक कार्यको निर्णय लिई सचिवलाई कार्यान्वयनका लागि निर्देशन दिने ।
६) संस्थाको हित हुने र उद्धेश्य प्राप्तिका लागि अन्य जुनसुकै रचनात्मक तथा सृजनात्मक कार्यहरु गर्न क्रियाशील रहने ।

ख) उपाध्यक्षको काम, कर्तव्य र अधिकारः

१) अध्यक्षको अनुपस्थितीमा निजले गर्ने काम, कर्तव्यको पालना र अधिकार प्रयोग गर्ने ।
२) अध्यक्षलाई सहयोग र सल्लाह दिने ।

[13]प्रथम संसोधन, २०६७
[14]प्रथम संसोधन, २०६७

३) अध्यक्षले लिखित रुपमा प्रत्यायोजित गरे बमोजिमको काम तथा कर्तव्य पालना गर्ने ।
४) संस्थाको कार्य प्रगतिको लेखाजोखा गरी अध्यक्षलाई सल्लाह सुझाव तथा पृष्ठपोषण दिने ।
५) अध्यक्ष पद रिक्त हुन आएमा अर्को व्यवस्था नभएसम्मको लागि कार्यवाहक अध्यक्ष भई कार्य गर्ने।
६) संस्थाको हित हुने र उद्धेश्य प्राप्तिका लागि अन्य जुनसुकै रचनात्मक तथा सृजनात्मक कार्यहरु गर्न क्रियाशील रहने ।

ग) सचिवको काम, कर्तव्य र अधिकार:
१) अध्यक्षको निर्देशानुसार कार्य समिति तथा साधारण सभाको बैठक बोलाउने, बैठकमा छलफलको विषयसूची तयार गर्ने, बैठकबाट गरिएका निर्णयहरुको माइन्युट राख्ने र माइन्युट पुस्तिका तथा अन्य अभिलेख सुरक्षित राख्नुको साथै सभा र समितिबाट पारीत भएका नीति योजना तथा कार्यक्रमहरु कार्यन्वयन गर्ने, गराउने ।
२) आवश्यकतानुसार कार्य समिति तथा साधारण सभाका लागि प्रतिवेदन र कार्यक्रम तयार गरी पेश गर्ने ।
३) संस्थाको दैनिक प्रशासनिक कार्य सूचारु रुपले संचालन गर्न रेखदेख, आवश्यक नियन्त्रण/सुपरिवेक्षण तथा कार्य समितिको तर्फवाट गर्नुपर्ने पत्राचार गर्ने ।
४) संस्थाको कार्यक्रमको कार्यन्वयन, अनुगमन तथा मूल्यांकनको लागि अध्यक्षलाई सहयोग र आवश्यक राय सल्लाह दिने ।
५) मातहतका समितिहरुसँग समन्वय स्थापना गरी काम कारवाहीको सिंहाबलोकन गरी अध्यक्ष तथा समितिका अन्य पदाधिकारीहरुलाई जानकारी दिने ।
६) संस्थाको विधान, नियम, निर्णय र नीति अनुसार आवश्यक लेखापढी गर्ने ।
७) आफुले गरेको काम कारबाहीको सम्बन्धमा अध्यक्षलाई जानकारी गराउने र अध्यक्षको निर्देशन अनुसार अन्य कार्यहरु गर्ने, गराउने ।
८) संस्थाको हित हुने र उद्धेश्य प्राप्तिका लागि अन्य परी आएका जुनसुकै कार्यहरु गर्न क्रियाशील रहने ।

घ) सहसचिवको काम, कर्तव्य र अधिकार:
१) सचिवको अनुपस्थितिमा निजले गर्ने काम, कर्तव्यको पालना र अधिकारको प्रयोग गर्ने ।
२) सचिवले लाए अऱ्हाएको कार्यहरु गर्ने, निजको काममा सहयोग गर्नुका साथै आवश्यक राय सल्लाह दिने ।
३) सचिवको पद रिक्त हुन आएमा अर्को व्यवस्था नभएसम्मको लागि कार्यवाहक सचिव भई कार्य गर्ने।
४) संस्थाका हित हुने र उद्धेश्य प्राप्ती का लागि अन्य परी आएका जुनसुकै कार्यहरु गर्न क्रियाशील रहने ।

ङ) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार:
१) संस्थाको आर्थिक कारोवार तथा भौतिक सम्पत्तिको रेखदेख, नियन्त्रण र अभिलेख दुरुस्त राख्ने ।
२) संस्थाको आयव्ययको लेखा अद्यावधिक र दुरुस्त राख्ने वा राख्न लगाउने ।
३) नियमित रुपले संस्थाको आन्तरिक लेखा परिक्षण गराउने र लेखा परिक्षकबाट तयार पारिएको आर्थिक प्रतिवेदन सभा तथा समितिमा प्रस्तुत गरी अनुमोदन गर्ने, गराउने ।
४) संस्थाको वार्षिक बजेट, त्यसको बाडँफाँड सम्बन्धी विवरण तयार गर्ने तथा सभा र समितिमा पेश गरी स्वीकृत गर्ने, गराउने ।
५) संस्थाको आर्थिक सुदृढिकरण गर्ने कार्यमा क्रियाशील र प्रयत्नशील रहने ।
६) आर्थिक प्रशासन र श्रोत परिचालन सम्बन्धी सबैको जवाफदेहीताका साथ जिम्मेवारी लिने ।
७) संस्थाको हित हुने र उद्धेश्य प्राप्तिका लागि अन्य परी आएका जुनसुकै कार्यहरु गर्न क्रियाशील रहने ।

च) सहकोषाध्यक्षको काम, कर्तव्य र अधिकार:
१) कोषाध्यक्षको अनुपस्थितिमा निजको सबै काम, कर्तव्य र अधिकारको पालना गर्ने ।

२) कोषध्यक्षले लगाएको अह्राएको कार्यहरु गर्ने, निजको काममा सहयोग तथा आवश्यक राय सल्लाह दिने ।

३) कोषाध्यक्षको पद रिक्त हुन आएमा अर्को व्यवस्था नभएसम्मको लागि कार्यवाहक कोषाध्यक्ष भई कार्य गर्ने ।

४) संस्थाको हित हुने र उद्धेश्य प्राप्तिका लागि अन्य परिआएका जुनसुकै कार्यहरु गर्न क्रियाशील रहने ।

छ) सदस्यहरुको काम, कर्तव्य र अधिकारः

१) अध्यक्ष, सचिव वा कोषाध्यक्षले तोकिदिए वा प्रत्यायोजित गरिए बमोजिमको कार्यहरु गर्ने ।

२) संस्थाको दैनिक कार्य संचालनमा सहयोग, सल्लाह दिने र उत्तरदायित्व वहन गर्ने ।

३) कार्य समितिको बैठकमा उपस्थित भई रचनात्मक वा सृजनात्मक सल्लाह सुझाव दिने तथा निर्णयार्थ मत दिने ।

४) संस्थाको स्थापित मूल्यमान्यता र सिद्धान्तहरुको अधिनमा रही त्यसको प्रचारप्रसार गर्ने, वार्षिक कार्य योजनालाई सहयोग पुऱ्याउन सक्दो कार्य गर्ने, संस्थाको काम कारबाहीमा संलग्न हुने तथा सहयोग पुऱ्याउने ।

५) संस्थाको हित हुने र उद्धेश्य प्राप्तीका लागि अन्य परीआएका जुनसूकै कार्यहरु गर्न क्रियाशील रहने ।

**१७.२[15] क्षेत्रिय समितिको गठन, काम, कर्तव्य र अधिकारः**

क) प्रत्येक विकास क्षेत्रमा आवश्यकता अनुसार एक क्षेत्रिय समिति गठन गरिने छ ।

ख) क्षेत्रिय समितिमा संयोजक-१, सहसंयोजक-१ र कोषाध्यक्ष-१ गरी बढीमा तीन जना पदाधिकारीहरु रहने छन् ।

ग) यस समितिको कार्यकाल २ वर्षको हुनेछ ।

घ) क्षेत्रिय समितिको गठन सम्बन्धित क्षेत्रका जिल्ला अन्तर्गतका सदस्यहरु मध्येबाट गरिनेछ ।

**१७.२.१ क्षेत्रिय समितिको काम, कर्तव्य र अधिकारः**

क) क्षेत्रिय समितिको बैठक संचालन गर्ने र आवश्यक बैठक संचालन गर्न नियमहरु बनाउने ।

ख) क्षेत्रिय समितिले क्षेत्रिय स्तरमा सदस्यता बिस्तार गर्नेछ । यस समितिले साधारण, आजीवन तथा सहसदस्यता
प्रदान गर्न पाउनेछ । अतिथि र मानार्थ सदस्यता प्रदान गर्ने अधिकार कार्य समितिलाई मात्र हुनेछ । क्षेत्रिय समितिले यस किसिमको सदस्यता लिन ईच्छुक योग्य व्यक्तिलाई सम्बन्धित क्षेत्रबाट सिफारिस गरी कार्य समितिमा पठाउनु पर्नेछ ।

ग) संस्थाको उद्धेश्य हासिल गर्न क्षेत्रिय स्तरमा विभिन्न क्रियाकलाप/गतिविधिहरु संचालन गर्न प्रयत्नशील रही सकृय भूमिका खेल्ने, कार्यक्रमहरुको कार्यन्वयन गर्ने, कार्य समितिबाट प्राप्त हुन आएका निर्देशनहरु पालना गर्ने र कार्य समितिलाई सहयोग गर्ने ।

घ) प्रत्येक अंग्रजी महिनाको मे ५ तारिखका दिन अन्तर्राष्ट्रिय मिड्वाइफ दिवस क्षेत्रिय स्तरमा विशेष कार्यक्रमसहित मनाउने ।

ङ) कार्य समितिलाई संस्थाको भावी योजनाहरु तथा अन्य रचनात्मक कार्यक्रमहरु तर्जुमा गर्न सुझाव र सल्लाह दिने ।

च) आवश्यकता अनुसार सम्मेलन, सभा र बैठकको लागि प्रतिनिधी छनोट गरी पठाउने ।

ट) कार्य समितिले निर्देशन गरे बमोजिमका कार्यहरु गर्ने ।

**१८. गणपुरक संख्याः** समितिको कुल पदाधिकारी संख्याको ५१ प्रतिशतको प्रतिनिधिन्व हुने गरी सदस्यहरु उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ र बैठक सचांलन गर्न कुनै वाधा पर्ने छैन ।

---

[15]प्रथम संसोधन, २०६७

# परिच्छेद-६
# आर्थिक व्यवस्था

**१९. संस्थाको कोषः**

१) संस्थाको आफ्नै छुट्टै कोष रहनेछ, जस अन्तर्गत देहाय प्रकृतिका कोषहरु रहने छन्:
क) साधारण कोष ख) अक्षयकोष

क) साधारण कोषः यस कोष अन्तर्गत देहाय बमोजिम प्राप्त रकमहरु रहने छन्:
१) सदस्यता शुल्क वापत प्राप्त रकम,
२) कुनै व्यक्ति, संस्था वा राष्ट्रले स्वेच्छाले दिएको चन्दा, सहयोग र अनुदान रकम,
३) संस्थाको उद्धेश्यलाई धक्का नलाग्ने गरी प्राप्त हुन आउने नगद, दानदातव्य वा आर्थिक अनुदान,
४)[16]
५)[17]
६) संस्थाको चल, अचल सम्पत्तिबाट आर्जन हुने रकम,
७) संस्थालाई नेपाल सरकार वा विदेशी सरकार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सामाजिक संघसंस्था वा नियोग वा व्यक्तिबाट वस्तुगत, प्राविधिक, आर्थिक वा अन्य कुनै किसिमको सहयोग स्वरुप प्राप्त दान, अनुदान र सहायता स्वरुप रकम,
८)[18]

ख) अक्षयकोषः यस कोषमा देहाय बमोजिम प्राप्त रकमहरु रहने छनः
१) संस्थाको निश्चित उद्धेश्य र कार्य सम्पादनको निमित्त अक्षयकोषको स्थापना गर्न सक्नेछ। तोकिएको उद्धेश्य प्राप्तीका लागि अक्षयकोषबाट खर्च गरी गरिने कार्यमा अक्षयकोषको ब्याजबाट प्राप्त रकम मात्र प्रयोग गरिनेछ ।
२) निश्चित उद्धेश्य र कार्यका निम्ति अक्षयकोषको रुपमा प्राप्त रकम,
३) अक्षयकोषको लागि प्राप्त रकमबाट प्राप्त ब्याज मात्र खर्च गर्न सकिनेछ । अक्षयकोषबाट प्राप्त ब्याज साधारण कोषमा जम्मा गरी खर्च गर्न सकिनेछ ।

२) विदेशी सघंसंस्थाबाट अनुदान रकम लिने भए संस्थाले समाज कल्याण परिषदको पूर्व स्वीकृती लिनेछ।
३) संस्थामा प्राप्त रकम समितिले तोकिदिए अनुसार नेपालस्थित बैंकहरुमा एक वा एक भन्दा बढी खाता संचालन गरी राखिनेछ ।

**२०. खाता संचालनः**

क) दफा १९ मा उल्लेख भएका श्रोतहरुबाट प्राप्त रकम संस्थाको नामबाट कार्य समितिले तोकिएको नेपालस्थित बैंकमा एक वा एक भन्दा बढी खाता खोली रकम जम्मा गरी खाता संचालन गरिनेछ । संस्थाको कोषको संचालन अध्यक्ष र कोषाध्यक्षको संयुक्त[19] हस्ताक्षरबाट हुनेछ ।

ख) सामान्यतयाः संस्थाको कोष कोषाध्यक्षको नियन्त्रणमा रही समितिले निर्धारण गरे बमोजिम नेपाल सरकारको प्रचलित ऐन नियम तथा लेखा प्रणाली बमोजिम आवश्यक खर्च गर्ने तथा खर्चको श्रेस्ता राख्ने व्यवस्था मिलाउनु पर्ने व्यवस्था गरिनेछ ।

ग) संस्थाको दैनिक कारोबार र कार्यक्रमको लागि साधारण कोषबाट खर्च गरिनेछ ।

**२१. कोषको रकम खर्च गर्ने तरिकाः** संस्थाको कोषमा जम्मा भएको रकम खर्च गर्दा देहाय बमोजिमको तरिका अपनाई खर्च गरिनेछः

[16]विधान स्वीकृतिको क्रममा हटाइएको, २०६६
[17]विधान स्वीकृतिको क्रममा हटाइएको, २०६६
[18]विधान स्वीकृतिको क्रममा हटाइएको, २०६६
[19]प्रथम संसोधन, २०६७

१) संस्थाले खरिद गरेको, अनुदान स्वरुप प्राप्त गरेको वा अन्य कुनै प्रचलित ऐन कानुन बमोजिम आर्जन गरेको सबै चल तथा अचल सम्पत्ति संस्थाको सम्पत्ति हुनेछ । संस्थाको चलअचल सम्पत्तिको अध्यावधिक अभिलेख राखिने छ । संस्थाको तर्फबाट खर्च गर्दा कार्य समितिले तोकेको निश्चित विधि अनुरुप खर्च गरिने छ ।

२) संस्थाको कोषमा जम्मा भएको रकम खर्च गर्दा देहाय बमोजिमको तरिका अपनाई खर्च गरिनेछः

क) संस्थाको वार्षिक योजना, बजेट र कार्यक्रम स्वीकृत नगरी कोषबाट रकम खर्च गर्न सकिने छैन।

ख) संस्थाको हित हुने कुनै रचनात्मक वा विशेष कार्यक्रम संचालनको लागि मातहतका समिति वा क्षेत्रिय वा जिल्ला सयोंजकलाई कार्य समितिले अनुदान रकम उपलब्ध गराउन सक्नेछ ।

ग) सामान्यतया कार्य समितिको अधिनमा रही कोषको संचालन कोषाध्यक्षबाट हुनेछ ।[20]

घ) संस्थाको आयव्यय तथा चलअचल सम्पत्तिको अभिलेख दुरुस्त अध्यावधिक राखिनेछ र आर्थिक कारोबारको अभिलेख पारदर्शी राखिनेछ ।

ङ) संस्थाको विधानमा तोकिएको परीधिभित्र रहेर संस्थाको नाममा खर्च गर्ने, गराइनेछ ।

च) संस्थाको तर्फबाट खर्च गर्दा कार्य समितिले तोकेको निश्चित विधि अनुरुप खर्च गरिनेछ ।

छ) कोषबाट खर्च भएको रकमको आर्थिक प्रतिवेदन साधारण सभामा अनिवार्य रुपले पेश गर्नु पर्नेछ।

ज) यस संस्थाको आर्थिक वर्ष नेपाल सरकार सरह प्रत्येक वर्ष श्रावण १ गतेदेखि आगामी आषाढ मसान्तमा समाप्त हुनेछ । तर दातृसंस्थाबाट प्राप्त सहयोगको हकमा सम्झौता बमोजिम हुनेछ ।

**२२. संस्थाको लेखा र लेखापरीक्षणः**

१) संस्थाको आयव्ययको लेखा प्रचलित कानुन बमोजिम कोषाध्यक्षले अध्यावधिक राख्नु पर्नेछ ।

२) संस्थाको लेखा परीक्षण प्रचलित कानुन बमोजिम रजिष्टर्ड लेखा परीक्षकबाट प्रत्येक आर्थिक वर्ष समाप्त भएको दुई महिना भित्रमा गराउनु पर्ने छ । सोको प्रतिवेदन साधारण सभाबाट पारीत भएपछि मात्र स्थानीय अधिकारी समक्ष पेश गरीनेछ ।

३) नेपाल सरकार वा स्थानीय अधिकारीले चाहेमा जुनसुकै बखत संस्थाको हिसाब किताव जाँच्न वा जचाँउन सक्नेछ ।

४) लेखा परीक्षकको नियुक्ति बार्षिक साधारण सभाबाट हुनेछ । तर प्रथम वार्षिक साधारण सभा नभएसम्म लेखा परीक्षकको नियुक्ति कार्य समितिबाट हुनेछ ।

५) संस्थाको लेखा परीक्षणको प्रतिवेदन हरेक वर्ष स्थानीय अधिकारी, समाज कल्याण परिषद र जिल्ला विकास समितिमा पेश गरिनेछ ।

६) संस्थाको आर्थिक कारोबार (आम्दानी/खर्च) प्रचलित लेखा प्रणाली बमोजिम गरिनेछ ।

## परिच्छेद-७

## निर्वाचन

**२३. निर्वाचन सम्बन्धी व्यवस्थाः** संस्था दर्ता भएको ६ महिनाभित्र कार्य समितिको निर्वाचन गरी त्यसको जानकारी स्थानीय अधिकारीलाई दिईनेछ ।

क) निर्वाचन गर्नका लागि तत्काल कायम रहेको कार्य समितिले एक निर्वाचन समितिको गठन गर्नेछ ।

ख) निर्वाचन गर्नु गराउनु भन्दा १५ दिन अगाडी नै सबै सदस्यहरुलाई निर्वाचन सम्बन्धी सम्पूर्ण सूचना र जानकारी दिई सक्नु पर्नेछ ।

---

[20]प्रथम संसोधन, २०६७

ग) तोकिएको पद संख्याभन्दा बढी उम्मेदवार नपरेमा निर्विरोध निर्वाचित भएको घोषणा गरिनेछ । अन्यथा मताधिकार प्राप्त सदस्यहरुले एक व्यक्ति एक भोटको आधारमा गोप्य मतदानद्वारा निर्वाचन गरिनेछ। सबैभन्दा बढी मत प्राप्त उम्मेदवार नै निर्वाचित हुनेछ । मत दिने व्यक्ति स्वयं उपस्थित भई मत दिनु पर्नेछ ।

घ) विद्यानको व्यवस्था प्रतिकूल नहुने गरी कार्य समितिले बनाएको निर्वाचन निर्देशिकाको आधारमा निर्वाचन सम्बन्धी कार्य निर्वाचन समितिले गर्नु पर्नेछ ।[21]

ङ) निर्वाचित समितिले निर्वाचन सम्बन्धी विषयमा गरेको निर्णय अन्तिम निर्णय हुनेछ ।

च) निर्विरोध रुपमा निर्वाचित भएको अवस्थामा बाहेक मताधिकार प्राप्त सदस्यहरुको प्रत्यक्ष मतदानद्वारा समितिका मदाधिकारीहरुको निर्वाचन गरिने छ ।

छ) निर्वाचन समितिमा एकजना प्रमुख आयुक्त र २ जना आयुक्त रहने छन् । तर निर्वाचनको समयमा प्रमुख आयुक्त १ र आयुक्त १ को उपस्थितिमा मानत्र पनि निर्वाचन कार्य सम्पन्न गर्न सकिने छ । निर्वाचन समितिले निर्वाचन प्रयोजानको लागि आवश्यक व्यक्तिहरुको सहयोग लिन सक्नेछ । निर्वाचन समितिलाई सहयोग गर्नु कार्य समितिको कर्तव्य हुनेछ ।

ज) निर्वाचन कार्यक्रम प्रकाशन हुनुभन्दा कम्तिमा २४ घण्टा अगाबै कार्य समितिले मतदाताको नामावली निर्वाचन समितिलाई उपलब्ध गराई सक्नु पर्नेछ ।

झ) निर्वाचन समिति गठन भई सकेपछि निर्वाचन समितिले गरेको काम कारबाहीमा निर्वाचन सम्पन्न भई परिणाम नआएसम्म निर्वाचन समिति र सो समितिले गरेको काम कारबाहीको बारेमा प्रश्न उठाउन पाइने छैन ।

ञ) निर्वाचन समितिले गरेको काम कारबाहीको बारेमा तत्काल संचालित साधारण सभामा उजुरी गर्न सकिने छ । सो उजुरी दिने म्याद निर्वाचन परिणाम घोषण भएको दुई घण्टाभित्र मात्र हुनेछ ।

ट) निर्वाचन हुनुभन्दा तीन महिना अगाडी मात्र सदस्यता लिएका व्यक्तिले मतदानमा भाग लिन पाउने छैन ।

ठ) निर्वाचन समितिका पदाधिकारीहरुले निर्वाचनमा उम्मेदवारी दिन पाइने छैन ।

**२४. उम्मेदवार हुने योग्यताः** कार्य समितिको उम्मेदवार हुन देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछः

क) मताधिकार प्राप्त सदस्य मात्र उम्मेदवार हुने तथा मत दिने अधिकार पाउने छ । कुनै पनि पदको उम्मेदवार बन्नको लागि कम्तिमा दुई वर्ष साधारण वा आजीवन सदस्यता लिई संस्थालाई सक्रिय योगदान गरेको हुनु पर्दछ । तर संस्था संस्थापन भएको वर्षको उम्मेदवारहरुको लागि यो लागू हुने छैन ।

ख) संस्थाको मताधिकार प्राप्त सदस्य निर्वाचन समितिमा रहेमा उसले मताधिकार पाउने छैन ।[22]

ग) संस्थाको वैतनिक कर्मचारी उम्मेदवार हुन पाउने छैन ।

घ) पदाधिकारी तथा सदस्यका लागि लगातार २ पटक भन्दा बढी सोही पदका लागि उम्मेदवार हुन पाउने छैन ।

ङ) साधारण सदस्यता नविकरण भएको हुनु पर्दछ ।

**२५. अविश्वासको प्रस्तावः**

क) प्रस्तुती प्रक्रियाः कार्य समितिका सदस्यहरु माथि अविश्वासको प्रस्ताव ल्याउन साधारण सभाको कुल सदस्य संख्याको कम्तीमा एक तिहाई प्रतिशत सदस्यहरुको प्रष्ट नाम, थर सहित सहि गरी अध्यक्ष उपर भएमा उपाध्यक्ष समक्ष र कार्य समितिका अरु सदस्यहरुको लागि भए अध्यक्ष समक्ष लिखित प्रस्ताव स्पष्ट र व्यवहारीक हुनुको साथै शिष्ट शब्दको प्रयोग गरी पेश गर्नु पर्ने छ । जसका विरोधमा अविश्वासको प्रस्ताव ल्याइन्छ सो पदाधिकारी वा कार्य समितिका सदस्यलाई सफाईको मौका दिइनेछ।

---

[21]प्रथम संसोधन, २०६७

[22]प्रथम संसोधन, २०६७

ख) निर्णय: साधारण सभामा उपस्थित सदस्यहरु मध्ये दुई तिहाई प्रतिशतको बहुमतले प्रस्तावको पक्षमा मत दिएमा अविश्वासको प्रस्ताव पारित भएको मानिनेछ। प्रस्ताव पारित भएमा त्यस्तो मदाधिकारी वा कार्य समितिको सदस्य कार्य समितिबाट स्वतः हट्नेछ।

**२६. विधान संशोधन:**

कुल सदस्य संख्याको दुई तिहाई सदस्य संख्याहरुले अनुमोदन गरे पश्चात मात्र विद्यानको कुनै दफा संशोधन

वा खारेज गरी स्वीकृतीका लागि स्थानीय अधिकारी समक्ष सिफारिस गरी पठाउनु पर्नेछ। स्थानीय अधकिारीबाट स्वीकृत भएपश्चात मात्र विद्यानको कुनै दफा संशोधन वा खारेज भएको मानिनेछ।

**२७. विनियम बनाउन सक्ने:**

क) संस्थाले आफ्नो कार्य सम्पादन गर्ने सन्दर्भमा आवश्यक विनियम बनाउन सक्नेछ र सोको जानकारी स्थानीय अधिकारीलाई दिनु पर्ने छ।

ख) यो विधान र विधान अन्तर्गत बनेको नियमको अधिनमा रही संस्थाको कार्य संचालन र उद्धेश्य कार्यान्वयनका लागि कार्य समितिले कर्मचारी प्रशासन र आर्थिक प्रशासन सम्बन्धी नियम विनियम बनाई लागू गर्न सक्नेछ।[23]

**२८. कर्मचारीको व्यवस्था:**

क) संस्थाले दैनिक कार्य संचालनका लागि आवश्यक नियम तथा विनियम बनाई लागू गर्न सक्नेछ।[24]

ख) संस्थाले विदेशी सहयोग प्राप्त गरी संस्थाको संचालन गर्ने कार्यक्रममा विदेशी सल्लाहकार वा स्वयमसेवक राख्ने अवस्था भएमा निजले कार्य गर्ने अवधि, पुऱ्याउने सेवा, त्यसको औचित्य, सुविधा र निजको योग्यता समेतको विवरण स्थानीय अधिकारी, जिल्ला विकास समिति र समाज कल्याण परिषदमा समेत पेश गरी स्वीकृती लिइनेछ।

**२९. तदर्थ समिति:** यो संस्था स्थापना गरी दर्ता गराउनको लागि गठित तदर्थ समितिका सबै सदस्यहरु संस्थापक सदस्य रहने छन्। यसरी गठित तदर्थ समितिले ६ महिनाभित्र विधान अनुसारको निर्वाचन कार्य गर्नका लागि समितिको गठन गर्नु पर्नेछ। संस्थापक सदस्यहरुबाट नै पहिलो कार्य समितिको गठन गरिने छ। सो अवधिमा कार्य समितिले गरेका कामहरु यसै विधान अनुसार भएका मानिने छ। संस्थापक सदस्यहरुको नामावली अनुसूची १ मा प्रस्तुत गरिएको छ।

**३०. संस्थाको खारेजी:**

१) साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारीत गरी संस्था खारेज गर्न सक्नेछ।

२) उपदफा (१) बमोजिमको खारेजीको प्रस्ताव पारीत गर्दा साधारण सभाले खारेजीको कामको लागि एक वा एक भन्दा बढी लिक्विडेटरहरु र संस्थाको हिसावकिताव जाँच गर्नका लागि एक वा एक भन्दा बढी लेखा परीक्षकहरु नियुक्त गर्न सक्नेछन। लिक्विडेटर र लेखा परीक्षकको पारीश्रमिक साधारण सभाले तोकिए बमोजिम हुनेछ।

३) उपदफा (२) बमोजिम नियुक्त लिक्विडेटर तथा लेखा परीक्षकले संस्था खारेजी सम्बन्धी काम कारवाही गर्नेछन।

४) विधान बमोजिम कार्य संचालन गर्न नसकी वा अन्य कुनै कारणबाट संस्था विघटित वा खारेज भएमा संस्थाको सम्पूर्ण जायजेथा (चलअचल सम्पत्ति) नेपाल सरकारको प्रचलित नियम कानुन बमोजिम हुनेछ।

**३१. व्याख्या:** यो विधान वा विधान अन्तर्गत बनेको नियम तथा विनियम[25]को व्याख्या गर्ने अधिकार कार्य समितिलाई हुनेछ।

---

[23]प्रथम संसोधन, २०६७

[24]प्रथम संसोधन, २०६७

[25]प्रथम संसोधन, २०६७

**३२. कार्य समितिका पदाधिकारीहरु र सदस्यहरुले पालना गर्नुपर्नेः**

क) यस संस्थाको कुनै पनि पदाधिकारी वा सदस्यले संस्थाको हित वा उद्धेश्य विपरीत कुनै काम कारवाही गर्न र गोपनियता प्रकाशन वा प्रसारणमा ल्याउन पाईने छैन ।

ख) कार्य समितिका पदाधिकारीहरु वा साधारण सभाका सदस्यहरुको बैठकमा साधारण सभामा असभ्य र अश्लिल शब्दको प्रयोग गर्न पाईने छैन् ।

ग) कार्य समितिको कुनै सदस्यले आफ्नो पद अनुसारको कर्तव्य पालना गर्नुको साथै सुम्पिएको दायित्व पुरा गर्नु पर्नेछ ।[26]

घ) आफ्नो पेशा वा व्यवसायमा आँच आउने तथा पेशागत मर्यादा एवं यसको आचरण बाहिर गई कुनै पनि कार्य गर्नु गराउनु हुदैंन ।

ङ) मिड्वाइफ्री व्यवसाय तथा संस्थाको संरक्षण, संवर्द्धन तथा सुदृढीकरणको लागि सदैब प्रयत्नशील एवं चेतनशील रहनु पर्नेछ ।

च) संस्थाप्रति घृणा, द्वेष, अवहेलना वा अनास्था हुने गरी कुनै काम कारवाही गर्न गराउनु हुँदैन । तर संस्थाको काम कारबाहीको सम्बन्धमा स्वस्थ एवं रचनात्मक आलोचना गर्न यस उपदफाले कुनै वाधा पार्ने छैन ।

छ) सभा तथा समितिले गरेका निर्णयहरु पालना गर्नु पर्दछ ।

ज) यस विद्यानमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि उपदफा (६) बमोजिम दिएको स्पष्टीकारण चित्त बुझ्दो नभएमा सम्बन्धित समितिले सो सम्बन्धमा छानविन गर्दा निजको आचारण सन्तोषजनक नपाइएमा निजलाई विद्यानको दफा (१०) बमोजिम चेतावनी, नसिहत, निलम्बन वा निष्काशन समेत गर्न सक्नेछ ।[27]

झ) संस्थालाई बुझाउनु पर्ने कुनै पनि रकम तोकिएको समयमा बुझाउनु पर्ने छ ।

ञ) संस्था विशुद्ध पेशा तथा व्यवसायगत संगठन भएको हुँदा संस्थाका सदस्यहरु बीच फुट ल्याउने जस्ता काम कारबाही गर्नु गराउनु हुँदैन ।

ट) विधानमा पदाधिकारी तथा सदस्यहरुले गर्नु, गराउनु हुँदैन भनि उल्लेख भएका कार्यहरु गरेको पाइएमा कार्य समितिले सम्बन्धित पदाधिकारी तथा सदस्यहरुसँग लिखित रुपमा स्पष्टिकरण माग गर्न सक्ने छ ।

**३३. ऐन अनुसार हुनेः** यस विधानमा उल्लेख नभएका कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ र संस्था दर्ता ऐन नियम र प्रचलित कानुनमा बाझिन गएका कुराहरु स्वतः निष्कृय हुनेछन् ।

**३४. निर्देशनको पालनाः** नेपाल सरकार वा स्थानिय अधिकारीले समय समयमा दिएको निर्देशनको पालना गर्नु संस्थाको कर्तव्य हुने छ ।

**३५. विविधः**

क) सल्लाहकार समितिः संस्थाको कार्य सम्पादन तथा सुदृढीकरण एवं विकासका लागि कार्य समितिलाई सुझाब, सहयोग र सल्लाह प्रदान गर्न सम्बन्धित पेशा तथा व्यवसायमा योगदान पुऱ्याउँदै आइरहेका व्यक्ति तथा सघंसंस्थाका प्रतिनिधि/कर्मचारीहरु मध्येबाट ५ देखि ७ जनासम्मको सल्लाहकार समिति निवर्तमान अध्यक्षको अध्यक्षतामा गठन गर्न सक्नेछ । यस्तो सल्लाहकार समितिमा सम्बन्धित विषय/पेशाका दक्ष अनुभवी स्वदेशी एवं विदेशी नागरिकहरु, प्राज्ञहरु वा विज्ञहरुलाई समाबेश गर्न सक्नेछ ।

ख) बुझ बुझारथः

१) पदाधिकारी तथा सदस्य र कर्मचारीले आफ्नो जिम्मामा रहेको नगद जिन्सी तथा कागजातहरु आफु निवृत्त भएको बढीमा ७ दिनभित्र सम्बन्धित पदाधिकारी वा सदस्यलाई बुझाई दोहोरो कागजात गर्नु पर्ने छ ।

---

[26]प्रथम संसोधन, २०६७

[27]प्रथम संसोधन, २०६७

२) विधानमा उल्लेख भएका कुराहरुसगँ नबाझिने गरी संस्था संचालनका लागि आवश्यक नीति नियमहरु “मिड्सोन मेमोरेन्डम अफ एसोसियसन” (MIDSON Memorandum of Association, MOA) बनाई र सोमा उल्लेख भए अनुसार पालना गरिने छ ।

ग) अन्य संस्थाको सदस्यता:

संस्थाको उद्धेश्यसंग मेल खाने तथा संस्थाको उद्धेश्य प्राप्त गर्न सघाउ पुऱ्याउन सक्ने विभिन्न राष्ट्रिय एवं अन्तर्राष्ट्रिय सघंसंस्थाको सदस्यता संस्थाले लिन सक्नेछ ।

घ) संस्था संगठित संस्था हुने:

१) संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र कुनै प्रकारले बन्दोबस्त गर्न सक्नेछ ।

२) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

३) संस्थाले आर्जन गरेको रकम वा सम्पत्ति सदस्यहरुमा बाडिने छैन ।

४) संस्था राष्ट्रियस्तरको सामाजिक तथा पेशागत संस्थाको रुपमा रहने छ ।

ङ) संस्था स्थापना गर्दा लागेको खर्च संस्थाले नै व्यहोर्ने छ ।

# अनुसूची-१

## (दफा २९ सगँ सम्वन्धित)

### संस्थापक तदर्थ समितिका सदस्यहरुको नामावली

| | | |
|---|---|---|
| १. | श्री किरण बज्राचार्य | अध्यक्ष |
| २. | श्री रश्मि राजोपाध्याय | उपाध्यक्ष |
| ३. | श्री सानु तुलाधर | सचिव |
| ४. | श्री लक्ष्मी तामाङ्ग | सह-सचिव |
| ५. | श्री सुभद्रा प्रधान | कोषाध्यक्ष |
| ६. | श्री साजना रन्जितकार | सह-कोषाध्यक्ष |
| ७. | श्री तारा पोख्रेल | सदस्य |
| ८. | श्री प्रमिला देवान | सदस्य |
| ९. | श्री सरला के.सी. | सदस्य |
| १०. | श्री मैयाँ मानन्धर | सदस्य |
| ११. | श्री रीता पोख्रेल | सदस्य |